पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २७ गते शनिबार ❑ 10 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा स्पोर्टस् अवार्डमा अरूणा र विश्वास वर्ष उत्कृष्ट खेलाडी घोषित

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा शुक्रबार साँझ पोखरामा सम्पन्न नवौं संस्करणको 'पोखरा स्पोर्टस् अवार्ड' मा वर्ष खेलाडीको उपाधि अरूणा शाही र विश्वास अधिकारीले जित्नुभएको छ।

वर्ष उत्कृष्ट खेलाडीका लागि मनोनयनमा परेका उत्कृष्ट तीनमध्ये महिलातर्फ नेपाली राष्ट्रिय भलिबल टोलीका कप्तान समेत रहेकी अरूणा शाही घोषित हुनुभएको हो । यसँगै अरूणाले हालसम्म तीन पटक वर्ष उत्कृष्ट खेलाडी बन्न सफल हुनुभयो ।

यसैगरी पुरूषतर्फ भलिबलका विश्वास अधिकारी वर्ष खेलाडी बन्नुभयो । अवार्डका साथ उहाँहरू दुबैले टेलजी इलेक्ट्रिक स्कुटर पुरस्कार पाउनुभएको छ । वर्ष खेलाडी




महिला विधामा आइटिएफ तेक्वान्दो/मुआथाईकी सुस्मिता थापा मगर र फेन्सिङकी कृपा गुरूङ समेत मनोनयनमा पर्नुभएको थियो। पुरूषतर्फ टेनिसका प्रदीप खड्का र फुटबलका सुमित श्रेष्ठ हुनुहुन्थ्यो। उदीयमान खेलाडीतर्फ क्रिकेटकी रचना चौधरीले अवार्ड प्राप्त गर्नुभयो । सो विधामा भलिबलका जितबहादुर सार्की र एथ्लेटिक्सका बादल कार्की समेत उपाधि होडमा हुनुहुन्थ्यो। टेनिसका निरज थापा र भलिबलका रमेश केसीलाई पछि पार्दै उत्कृष्ट प्रशिक्षक फुटबलका राजेन्द्र तामाङ बन्नुभयो। उत्कृष्ट खेल संस्थाको अवार्ड म्याग्दी जिल्ला भलिबल सङ्घले प्राप्त गऱ्यो भने वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड विजय नेपालले पाउनुभयो । उत्कृष्ट बन्न सफल सबैले अवार्डसहित नगद रू ३५ हजार पुरस्कार प्राप्त गर्नुभयो। मञ्चले 'लाइफटाइम अचिभेमन्ट अवार्ड' बाट सुटीङकी प्रशिक्षक भगवती खत्री केसीलाई सम्मान गरेको छ । उहाँलाई चाँदीको करूवासहित अवार्ड प्रदान गरिएको हो । अवार्ड विजेता खेलाडीहरूलाई कार्यक्रमकाप्रमुखअतिथिगण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा खेलकुदमन्त्री विन्दुकुमार थापा, पोखरा महानगर प्रमुख धनराज आचार्य, राष्ट्रिय खेलकुद परिषदका उपाध्यक्ष ध्रुव आचार्य लगायतले पुरस्कार प्रदान गर्नुभयो। खेलाडी तथा खेल क्षेत्रमा क्रियाशीललाई उर्जा थप्न मञ्च गण्डकीले विसं २०७२ देखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड गर्दै आइरहेको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्थाको रूपमा स्थापित छ।

## पोखराबाट देशका विभिन्न सहरमा सिधा हवाई सेवा सञ्चालनको सम्भावना बारे छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट देशका विभिन्न सहरहरूमा सिधा हवाई सेवा सञ्चालनको सम्भावना बारे छलफल भएको छ।

पोखरा महानगरपालिकाको पहलमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक इ.प्रदीप अधिकारी र निजी क्षेत्रका हवाई सेवा प्रदायक आन्तरिक उडान कम्पनीका अधिकारीहरू बिच छलफल भएको हो।

छलफलमा मन्त्री पाण्डेले पर्यटन राजधानी पोखरामा सञ्चालनमा रहेको सुविधा सम्पन्न विमानस्थलबाट सम्भाव्य आन्तरिक गन्तव्यहरूमा नियमित उडान सञ्चालन गर्न सेवा प्रदायकहरूलाई आग्रह गर्नुभयो । सरकारको तर्फबाट आवश्यक नीतिगत सहयोगका लागिआफूहरूतत्पररहेकोउल्लेखगर्दै उहाँले काठमाडौं विमानस्थलको व्यस्तता र केन्द्रीकृत सेवाको यथाशक्य विकेन्द्रीकरणमा जोड दिनुभयो । पोखराबाट नियमित बाहेक अन्य नयाँ गन्तव्यहरूमा पनि उडान सञ्चालन गर्न सके पर्यटकीय गतिविधिहरू चलायमान हुने उहाँले विश्वास



व्यक्त गर्नुभयो।

पोखरा महानगरपालिकाका प्रमुख आचार्यले पोखरा सबै हिसाबले तयार रहेकाले तत्काल मुलुकका सात वटै प्रदेशमा सञ्चालनमा रहेका विमानस्थलहरूमा हवाई सेवा सञ्चालनको व्यवस्थापन गर्न निजी वायुसेवा प्रदायकहरूलाई आग्रह गर्नुभयो। पर्यटन राजधानी पोखराबाट मुलुकको कुनै पनि कुनामा हवाई यात्रा मार्फत पुग्न सकिने सुनिश्चितता गर्न आफूहरू आवश्यक सहजीकरणको लागि तयार रहेको प्रमुख आचार्यले बताउनुभयो । सबैभन्दा सुरक्षित मानिएको हवाई सेवाले पोखरालाई देशभर जोड्न सकिए मात्र पर्यटन लगायत अन्य क्षेत्रको विकासमा असन्तुलनको अवस्था अन्त्य हुने बताउनुभयो । सो अवसरमा नगर प्रमुख आचार्यले मन्त्री पाण्डे लगायत क्यानका अधिकारीहरूसँग पुरानो पोखरा विमानस्थल, विमानस्थल कै अवस्थामा रहन्छ, भन्ने कुराको सुनिश्चितता समेत माग गर्नुभयो। नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक अधिकारीले पोखरा अन्तर ाष्ट्रिय विमानस्थलका सन्दर्भमा पछिल्लो पटक चर्चामा आएका विषयवस्तुहरू कपोलकल्पित र भ्रामक रहेको टिप्पणी गर्नुभयो। छानबिन समितिको प्रतिवेदनका नाममा सत्य तथ्य कुरा नबुझीकन सस्तो लोकप्रियताका लागि भ्रमको खेती गर्न खोजिएको उहाँको टिप्पणी छ। विमानस्थल पूर्ण क्षमतामा सेवा दिन सक्षम रहेको उल्लेख गर्दै उहाँले देशभरका सम्भाव्य स्थानहरूमा पोखराबाट सेवा प्रदानका लागि आवश्यक व्यवस्थापनका लागि विशेष पहल गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो। छलफलमा बुद्ध एयरका अपरेसन डाइरेक्टर सुवर्ण खरेल,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्वतन्त्र न्यायपालिका अपरिहार्य आवश्यकता: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले विधिको शासनको प्रत्याभूति दिलाई विकास, शान्ति र समृद्धिको सुनिश्चितताका लागि स्वतन्त्र न्यायपालिका अपरिहार्य आवश्यकताका रुपमा स्वीकार गर्नुपर्ने बताउनुभएको छ।

कानुन दिवस २०८२ को अवसरमा उच्च अदालत पोखराले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्नुहुँदै प्रदेश प्रमुख भट्टले न्यायपालिकाको स्वतन्त्रता र व्यावसायिकता अविचलित राख्न आजको यस विशेष दिनमा सम्बन्धित सबैसँग आग्रह पनि गर्नुभयो।

यो दिवस नेपालको न्यायिक इतिहाससँग सम्बन्धित विशेष



अवसरका रुपमा रहेको बताउँदै उहाँले विधिको शासन कायम राख्न र कानून सबैका लागि सरोकार बनोस् भन्ने आकांक्षा यस दिवसको मुख्य सन्देश रहेको उल्लेख गर्नुभयो।

'कानून केवल नियमहरूको संग्रह होइन; यो सामाजिक न्याय, मानव अधिकार र उत्तरदायी शासनको मेरुदण्ड हो । नागरिक र राज्यबीचको सम्बन्धलाई न्यायपूर्ण, समावेशी र उत्तरदायी बनाउने माध्यम कानूनी प्रणाली हो ।' उहाँले भन्नुभयो।

गण्डकी प्रदेशले संविधानको भावना अनुसार कार्यान्वयन गर्दै आएको प्रदेशस्तरीय कानूनी संरचनाहरूले नागरिकलाई नजिकबाट न्याय सेवामा पहुँच पुऱ्याउन ठूलो भूमिका खेलेको प्रदेश प्रमुख भट्टको भनाई छ। उहाँले थप्नुभयो - 'यस दिशालाई अझ प्रभावकारी बनाउन हामी सबैको संयुक्त प्रयास अपरिहार्य छ। प्रदेश सरकारले कानूनको कार्यान्वयन, सुधार तथा कानूनी चेतना अभिवृद्धि गर्न विविध कार्यक्रम अगाडि बढाइरहेको छ ।' कानूनी चेतना, मानव अधिकार र सामाजिक न्यायको सम्मान बढ्दै जाओस् भन्ने कामना गर्दै उहाँले न्यायप्रतिको भरोसा बलियो बनाउने, कानूनी शिक्षालाई व्यवहारिक बनाउने र सबै नागरिकलाई निष्पक्ष सेवा उपलब्ध गराउने दिशामा अझ प्रभावकारी कदम चाल्नु आजको आवश्यकता रहेकोमा जोड दिनुभयो।

नेपालमा प्रधान न्यायालय ऐन, २००८ बने पनि त्यसको लागू भने २००९ वैशाख २६ गतेबाट भएको थियो । सोही दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ गतेको दिनलाई कानुन दिवसका रूपमा मनाउने गरिएको छ।

**चट्याङबाट बचौ र बचाऔं**

**आकाशमा विजुली चम्कँदा र गड्याङगुडुङ हुँदाः**

- **घरभित्रै बसौं**
- **रूख वा विजुलीको पोलमुनी नवसौं,**
- **पौडी खेल्ने, डुङ्गा चलाउने तथा खेतवारीमा काम नगरौं,**
- **सुरक्षित ओतमा नपुग्दै चट्याङ परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं,**
- **टेलिफोन, मोवाईल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयाग नगरा,**
- **झ्याल, भर्याङ्ग, बुइगल, बरण्डाको ग्रील, बारलगायतका धातुजन्य वस्तु नछोऔं,**

***चट्याङ लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सगरमाथा शिखर पुगे सात शेर्पा, डोरी टाँग्ने काम सम्पन्न

**रासस**
काठमाडौं, २६ बैशाख

यस वर्षको आरोहण याम सुरु भएसँगै शुक्रबार सात जना शेर्पा सगरमाथा शिखरमा पुगेका छन्। उनीहरू यस वर्षको आरोहणका लागि डोरी टाँग्दै (रोप फिक्सिङ) साँझ ५:०० बजे शिखरमा पुगेको पर्यटन विभागका निर्देशक लीलाधर अवस्थीले जानकारी दिनुभयो।

विभागका अनुसार 'एटके एक्सपीडिसन' अन्तर्गत खटिएका शेर्पाहरूले डोरी टाँग्ने काम सम्पन्न गरेका हुन् । अशोक लामाले नेतृत्व गर्नुभएको सो टिममा छिरिङ पेम्बा शेर्पा, पेम नुर्बु शेर्पा, टासी शेर्पा, कर्मा ग्याल्जेन शेर्पा, टासी ग्याल्जेन शेर्पा र पासतेन्जी शेर्पा रहेका छन्। "सगरमाथाको चुचुरमा डोरी टाँग्ने काम सम्पन्न भएसँगै यस वर्षको सगरमाथा आरोहण औपचारिक रूपमा सुरु भएको छ । अब अरु आरोही पनि मौसम अनुकूलता हेरेर शिखरतर्फ लाग्ने छन्", निर्देशक अवस्थीले भन्नुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन : अध्यक्ष केसी

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ बैशाख




राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले लोकतन्त्र र गणतन्त्रको विकल्प राजतन्त्र नभएको बताउनुभएको छ। उहाँले राजनीतिक दलहरू सच्चिएर जनताकहाँ पुग्नुपर्ने उल्लेख गर्दै नेपालमा गणतन्त्र निर्विकल्प भएको बताउनुभयो।

'प्रतिगामी खतराविरुद्ध सङ्घर्ष गरौँ, गणतन्त्रको रक्षा गरौँ' नाराका साथ राष्ट्रिय जनमोर्चा बागलुङले आज बागलुङ बजारमा आयोजना गरेको कार्यक्रममा अध्यक्ष केसीले लोकतन्त्र र गणतन्त्रको रक्षाका लागि सबै राजनीतिक दल एकताबद्ध हुन आवश्यक रहेको बताउनुभयो । उहाँले नेपालका पार्टीका आ-आफ्नै विचार तथा सिद्धान्त भए पनि राष्ट्रियता नै जोखिममा पर्दा एकजुट हुन आवश्यक रहेको बताउनुभयो । "सबै मिलेर पञ्चायत फालियो, राजतन्त्र फालियो, अहिले गणतन्त्रका विषयमा राजावादीले भ्रम सृजना गरे, एकपटक लोकतन्त्र र गणतन्त्रका लागि सबै राजनीतिक दल एकजुट बनौँ", अध्यक्ष केसीले भन्नुभयो, "राजावादीको तीनकुने आन्दोलन अराजकताको पराकाष्टा हो, न्यायिक छानबिन हुनुपर्छ, राजावादीहरू सल्बलाउन थाले, सबै दल मिलेर लोकतन्त्रका पक्षमा जुटौँ ।" सङ्घीयता खर्चिलो भएको उल्लेख गर्दै अध्यक्ष केसीले यसलाई नेपालको अर्थतन्त्रले नथेग्ने बताउनुभयो । उहाँले लोकतन्त्र र गणतन्त्र आएकै कारण बोल्न पाइएको स्मरण गर्दै राजतन्त्र फर्काउने कुरा सम्भव नभएको बताउनुभयो । अध्यक्ष केसीले लोकतन्त्र र गणतन्त्र रहेमा मात्रै जनताले आवाज उठाउनसक्ने बताउनुभयो । "नेता मात्रै हैन जनतासमेत सचेत हुन आवश्यक छ, भ्रष्टचार मौलाएका कारण विकास भएन, जनताले सही जनप्रतिनिधि चुन्न सकेनन्", अध्यक्ष केसीले भन्नुभयो ।

# गण्डकी कोटिहोम उल्लासमय

**पोखरापत्र संवाददाता**
पोखरा, २६ बैशाख



पोखरामा जारी श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञमा शुक्रबार साधु, सन्त, महन्त, हास्य कलाकार तथा गायिकाको उपस्थिति सहित उल्लासमय बनेको छ।

कोटिहोममा चर्चित हास्य कलाकार सिताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली' लगायत पोखरेली चेली चर्चित गायिका समीक्षा अधिकारीको सँगै लोकदोहोरी गायिका पार्वती जिसीको उपस्थिति सहित आज कोटिहोम सङ्गीतमय बन्यो ।

शुक्रबार प्रमुख अतिथीको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त डा. सुमित्रा अमात्य भएको कोटिहोममा टोखा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी सहित १५ जना विशिष्ट व्यक्ति र १ सय जना विद्यार्थी स्वयंसेवीको रूपमा कोटिहोममा आएका छन् ।

सोहि अबसरमा प्रमुख प्रशासकीय अधिकृत बिसीको भजनको भिडियो विमोचन गरि २५ हजार रुपैयाँ दान गरेका छन्। यसै गरि पोखरा महानगरपालिका वडा न १६ स्थित हरिलक्ष्मी गुरुङद्वारा १ लाख १ सय ५ रुपैयाँ,पोखरा महानगरपालिका वडा न ६ स्थित कमला गिरि द्वारा १ लाख २१ हजार र धार्मिक सेवा समिति मौलाकालिका मन्दिरबाट २५ रुपैयाँ सहित अन्य ब्यक्तिबाट दान प्राप्त भएको छ ।

कोटिहोममा यही वैशाख २७ गते शनिवार १ हजार भन्दा बढी बालिका सहभागी गराएर पूजा गरिने भएको छ। उक्त अवसरमा बिहान ९ बजे तीनदेखि नौ वर्ष उमेर समूहका १ हजार बढी कन्या सहभागी गराएर पूजा गर्ने तयारी भइरहेको ढकालले जानकारी दिए । संयोजक ढकालका अनुसार ७० वर्षभन्दा माथि उमेर पुगेका १ हजार भन्दा बढी ज्येष्ठ नागरिकलाई बिहान १० बजे सम्मान गर्ने तयारी भएको छ।

शनिवार चर्चित लोकगायक पशुपति शर्मा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त लोक गायिका तथा फाउन्डेसनकी केन्द्रीय उपाध्यक्ष राधिका हमालको भजन तथा विशेष साङ्गीतिक कार्यक्रम र आइतबार लोकदोहोरी गायिका अस्मिता डल्लाकोटिको प्रस्तुति रहने छ। महायज्ञका सङ्कल्पकर्ता वालयोगेश्वर विजय श्रीकृष्ण मूर्तिले कोटिहोममा साधु, सन्त, महन्तहरूको दर्शन, प्रवचन, आशीर्वाद तथा सङ्घीय प्रदेश सरकारका मन्त्री तथा सांसद, राजनितिक दलका नेता तथा समस्त भक्तजनको उपस्थितिले महायज्ञ सफल भईसकेको बताए। कोटिहोममा जेठको पहिलो हप्ता राष्ट्र्व्यापी खुल्ला वक्तृत्वकला प्रतियोगिता हुने भएको छ । 'सनातन संस्कृति, गण्डकी कोटिहोम र हामी विद्यार्थी' भन्ने शीर्षकमा प्रतियोगिता हुन लागेको प्रतियोगिता संयोजक पब्लिक स्पिकर, मोटीभेटर, शिक्षा तथा संस्कृतिविद् डा. तुलसी प्रभास खनालले जानकारी दिए।

उनका अनुसार देशभरबाट कक्षा ८ देखि १२ सम्मका विद्यार्थी उक्त वक्तृत्वकला प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् । एसइई तथा कक्षा ११ को परीक्षा दिएका विद्यार्थी पनि प्रतियोगिता सहभागिता जनाउन पाउनेछन् । प्रतियोगितामा प्रथम हुनेलाई ५१ हजार १ सय ५१, द्वितीय हुनेलाई ४१ हजार १ सय ४१, तृतीय हुनेलाई ३१ हजार १ सय ३१ र सान्त्वना हुनेलाई २१ हजार १ सय २१ र विविध सम्मान गरिने छ । कोटिहोममा यही बैशाख २९ गते चौरासी पूजन कार्यक्रम गरिने भएकाले आमाबुवाहरूको उपस्थितिमा, सवा करोड पार्थिव शिवलिङ्गको निर्माण गरी भगवान् शिवको आशीर्वाद प्राप्त गर्ने महत्त्वपूर्ण कर्म, १८ पुराण, ४ वेद र १०८ श्रीमदभागवत पाठ पारायण श्रवण साथै वेद, पुराण र भागवत मध्ये कुनै एकको कर्ता बन्ने अवसर, भूमि पूजनका लागि आफ्नो घरमा जमिनको एक मुठी माटो ल्याइ भूमि पूजन जस्तो महत्त्वपूर्ण कर्ममा सहभागी हुने व्यवस्था रहेको छ । त्यसै गरी पितृ उद्धार, पारिवारिक सुख, शान्ति, सु-स्वास्थ्य र समृद्धिका लागि आफ्नो घर परिवार तथा आफ्ना पितृहरूको नाममा २१ कोटि दीप प्रज्वलन गर्ने, तुला दान कर्मका लागि आफ्ना पूजनीय आमाबुवाहरूलाई तुला दानका लागि कोटिहोम स्थलमा सहभागी गराउने, वैवाहिक जीवनमा जोडिन इच्छुक सबैलाई शुभ विवाह कार्यक्रम, रुद्राभिषेक महा अनुष्ठान, अति रुद्री, लुघुरुद्री आदि पुण्यमयी कर्ममा सहभागी हुने व्यवस्था रहेको छ।

# अन्नपूर्ण पदमार्गमा नेपाली सेनाको सरसफाइ अभियान

**विनिता गाहामगर/सविना कुवर**
पोखरा, २६ बैशाख




पर्यटन प्रवर्द्धन, पर्यावरण संरक्षण तथा पदयात्रुहरुको सुरक्षालाई मध्यनजर गर्दै नेपाली सेनाको श्री कृष्णदल गणले अन्नपूर्ण पदमार्ग क्षेत्रको सरसफाई अभियान सफलतापूर्वक सम्पन्न गरेको छ। सेनाको पश्चिम पृतना अन्तर्गत श्री नं. ३ वाहिनी अड्डाको निर्देशनमा सञ्चालन गरिएको अभियान बैशाख २१ गतेदेखि २५ गतेसम्म पाँच दिनसम्म सञ्चालन गरिएको हो।

पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नुका साथै प्राकृतिक सौन्दर्यले भरिपूर्ण अन्नपूर्ण पदमार्ग क्षेत्रलाई स्वच्छ, सुरक्षित र आकर्षक बनाउनु यस अभियानको मुख्य उद्देश्य रहेको अभियानको नेतृत्व श्री कृष्णदल गणका गणपति, प्रमुख सेनानी राजेन्द्र पुडासैनीले बताए । विश्वप्रसिद्ध अन्नपूर्ण पदमार्ग अन्तर्गत पर्ने अन्नपूर्ण गाउँपालिका क्षेत्रका झिनु, छोम्रोङ, तल्लो छोम्रोङ, गुर्जुङ, सिनुवा र बम्बु जस्ता मुख्य गन्तव्यहरूमा सरसफाई कार्य सञ्चालन गरिएको थियो । अभियानमा अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना का प्रतिनिधिहरू, स्थानीय होटल व्यवसायी, आमा समूह तथा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । पाँच दिनसम्म चलेको अभियानको अन्तिम दिन करिब २९० के.जि. फोहोर संकलन गरिएको थियो । स्थानीयले यस्ता गतिविधिहरूले पर्यावरण संरक्षणमा मात्र होइन, दीर्घकालीन रूपमा दिगो पर्यटन विकासमा पनि महत्वपूर्ण योगदान पुर्याउने विश्वास व्यक्त गरे, र आगामी दिनहरूमा पनि यस्ता अभियानलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउँदै नेपाली सेनालाई आवश्यक सहयोग गर्न तत्पर रहने प्रतिबद्धता समेत जनाएका थिए । अभियानले सेनाको सामाजिक उत्तरदायित्व तथा सामुदायिक सहभागितामूलक प्रयासलाई बल पुर्याएको छ भने, पर्यावरणीय चेतना अभिवृद्धि गर्न समेत सहयोग पुगेको स्पष्ट देखिएको कुरा स्थानियले बताए ।

# पोखराबाट ...

यति एयरलाइन्सका अध्यक्ष सोनाम शेर्पा, श्री एयरलाइन्सका अध्यक्ष सुधीर मित्तल, समिट एयरका मनोज कार्की लगायतले आफूहरू सेवाका लागि तयार रहेको बताएका छन् ।

सेवाकोदिगोपनाकासम्बन्धमा आवश्यक सम्भाव्यताको अध्ययन गरी नियमित बाहेक निश्चित क्षेत्रहरूमा सेवा उपलब्ध गराउन तयार रहेको उनीहरूले प्रतिबद्धता जाहेर गरेका छन् ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख मणि लामिछाने, पोखरा महानगरपालिकाका प्रवक्ता मोतीलाल तिम्सिना, वडा नं.१७ की अध्यक्ष राधिका कुमारी शाहियोगी, पर्यटन बोर्डका पूर्व कार्यकारी सदस्य वासु त्रिपाठी, पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष पोमनारायण श्रेष्ठ लगायत क्यानका अधिकारीहरूको सहभागिता रहेको थियो ।

# न्यायपूर्ण समाज निर्माणमा कानुन जगत्को दायित्व गहन छ : राष्ट्रपति

**रासस**
काठमाडौं, २६ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको संविधानले व्यवस्था गरेको सुङ्घीय लोकतान्त्रिक शासन व्यवस्थामा न्यायपूर्ण समाज निर्माणका लागि न्याय र कानुन जगतको महत्वपूर्ण दायित्व गहन रहेको बताउनुभएको छ।

कानुन दिवस-२०८२ का अवसरमा शुक्रबार आयोजना गरेको विशेष समारोहमा राष्ट्रपति पौडेलले नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्यको अवधारणालगायतको व्यवस्था आत्मसात् गरेको बताउनुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "आजको यस दिनले न्याय र कानुनका क्षेत्रमा आबद्ध सबैको मन तथा मस्तिष्कमा सो गुरुत्तर दायित्वको बोध निरन्तर गराइरहनेछ भन्ने विश्वास लिएको छु।"राज्यको कार्यकारिणी, विधायिकी र न्यायिक अधिकार एउटै निकायबाट प्रयोग भइरहेको तत्कालीन अवस्थामा यो ऐन (प्रधान न्यायालय ऐन, २००८) लागू भएपछि व्यावहारिक रुपमै शक्ति पृथकीकरण र स्वतन्त्र न्यायपालिकाको अवधारणाअनुरुप न्यायसम्पादनको कार्यको थालनी भएको हुँदा न्याय तथा कानुन जगत्मा यो दिनको विशेष महत्व रहेको राष्ट्रपति पौडेलले धारणा व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले नेपालको संविधानको मर्म एवं वर्तमान आवश्यकताअनुरुप नयाँ कानुनको निर्माण र प्रचलित कानुनमा समसामयिक सुधार गरी आधुनिक पद्धति तथा प्रविधिसमेतको प्रयोगबाट आमनागरिकको न्यायमा सहज पहुँच स्थापित, मुद्दाको शीघ्र व्यवस्थापनमार्फत छिटोछरितो न्याय सम्पादन हुनुपर्ने बताउनुभयो । उहाँले विधिको शासन कायम तथा न्यायिक मूल्यमान्यतामा क्षयीकरण हुन नदिइ न्यायपालिकाको जनआस्था अभिवृद्धि गर्ने सुनिश्चतताका लागि कानुन दिवसले सबैमा सकारात्मक सोच, हौसला र प्रेरणा प्रदान गर्न सकोस् भन्ने शुभेच्छा प्रकट गर्नुभयो ।

# विश्वकप एसिया छनोट : नेपाल र हङ्‌कङबीचको खेल रद्द

**रासस**
काठमाडौं, २६ बैशाख

आइसिसी महिला टी-ट्वान्टी विश्वकप एसिया छनोटअन्तर्गत आज हुने भनिएको नेपाल र हङ्कङबीचको खेल रद्द भएको छ।

थाइल्यान्डमा आजदेखि सुरु भएको क्वालिफायर खेलअन्तर्गत नेपाल र हङ्कङबीचको खेल बिहीबार परेको पानीले मैदान भिजेपछि टससमेत नभई रद्द भएको हो। यससँगै दुवै टोलीले समान एक/एक अङ्क बाँडेका छन्।

नेपालले अब आफ्नो दोस्रो खेल यही वैशाख २९ गते हङ्कङसँग खेल्नेछ। क्वालिफायरमा आयोजकथाइल्यान्डसहितनेपाल भुटान, कुवेत, कतार, मलेसिया, हङ्कङ, बहराइन र युएई सहभागी छन् । जसलाई तीन समूहमा विभाजन गरिएका छन् ।

नेपाल समूह 'सी' मा परेको छ। नेपालको समूहमा हङ्कङ र बहराइन छन् । यसैगरी समूह 'ए' मा आयोजक थाइल्यान्डसँगै भुटान र कुवेत छन् । समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), मलेसिया र कतार छन्।

समूह चरण डबल राउन्ड रोबिनका आधारमा हुनेछ। सबै टोलीले आआफ्नो समूहमा रहेका टिमसँग दुई पटक खेल्नेछन् । समूहको शीर्ष टोली सुपर तीनमा प्रवेश गर्नेछन् । सुपर तीनबाट लिग चरणको खेलपछि शीर्ष दुई स्थानमा रहने टोली ग्लोबल छनोटमा स्थान बनाउनेछन् ।

# प्रेस युनियनले 'लोमान्थाङ अन्तरराष्ट्रिय मिडिया समिट' गर्ने

**रासस**
काठमाडौं, २६ बैशाख

नेपाल प्रेस युनियनले यही वैशाख २७ देखि ३० गतेसम्म 'लोमान्थाङ अन्तरराष्ट्रिय मिडिया समिट' गर्ने भएको छ।

नागरिक समृद्धि र समृद्ध नेपालका लागि समाजका हरेक पक्षलाई उजागर गर्दै बहुआयामिक परिवर्तन र समाजको रुपान्तरणमा योगदान पुर्याउने उद्देश्यले समिट गर्न लागिएको युनियनले जनाएको छ । युनियनले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी समिट काठमाडौँबाट पोखरा हुँदै मनाङसम्म विभिन्न कार्यक्रम गरी सम्पन्न हुने जनाएको हो । विश्वका बदलिँदो परिवेशमा प्रविधिले निम्त्याएको अवसर र चुनौती तथा दक्षिण एसियामा मिडियाले भोग्नुपरेका समस्या, पत्रकारिताको प्रभावबारेमा दक्षिण एसियासहित विभिन्न छ मुलुकबाट आएका विषयविज्ञहरूको प्रस्तुति रहने अध्यक्ष शिव लम्सालले जानकारी दिनुभयो । समिटमा नेपाली पत्रकारितामा पत्रकारहरूले भोग्नुपरेका कठिनाइ, अवसर र चनौतीमा प्रस्तुति, छलफल सुझावसहित निष्कर्ष निकाल्ने लक्ष्य राखिएको छ । समिटमा जलवायु परिवर्तनले निम्त्याएको सङ्कटका बारेमा पनि छलफल गरिने जनाइएको छ।

# राष्ट्रपति पौडेल र अध्यक्ष दाहालबीच भेटवार्ता

**रासस**
काठमाडौं, २६ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' बीच भेटवार्ता भएको छ।

अध्यक्ष दाहालले शुक्रबार शीतलनिवासस्थित राष्ट्रपतिको कार्यालयमा पुगेर राष्ट्रपति पौडेलसँग भेटवार्ता गर्नुभएको दाहालको सचिवालयले जनाएको छ।

भेटमा देशको वर्तमान राजनीतिलगायत समसामयिक विषयमा छलफल भएको सचिवलयको भनाइ छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बाल्यकालको दाँत सड्ने रोगः कारण, लक्षण र उपचार

–डा.श्रुति साह



बाल्यकालको दाँतको सड्ने रोग एक प्रकारको दाँतको समस्या हो जसले विशेषगरी बच्चाहरूलाई प्रभावित गर्छ।

यो रोगले बालबालिकाको दाँतहरूमा गहिरो सडन ल्याउँछ र यदि समयमै उपचार गरिएन भने भविष्यमा गम्भीर स्वास्थ्य समस्याहरू सिर्जना गर्न सक्छ। यो रोग प्रायः १ देखि ५ वर्ष उमेरका बच्चामा देखिन्छ र यसका कारणहरूले दाँतको संरचनामा गहिरो असर पुऱ्याउँछन्।

**कारणहरू**

बाल्यकालको दाँत सड्ने रोग लाग्नुका मुख्य कारणहरू निम्नलिखित छन्ः

चिनीको अत्यधिक सेवनः बच्चाहरूले धेरै चिनी र मिठाइ खाँदा दाँतमा ब्याक्टेरिया र एसिड वृद्धि हुन्छ, जसले दाँतको इनेमललाई नष्ट पार्छ।

दाँत सफा नगर्नुः दाँत सफा नगरेको कारण खानपिनका अवशेषहरू दाँतको सतहमा अड्कन्छ र समयसँगै यी अवशेषहरूले सडनको प्रक्रिया सुरु गर्छ।

दूधको अत्यधिक सेवनः विशेषगरी रातिको समयमा बच्चाहरूलाई दूध दिइरहनु र बोतल चुस्ने बानीले चिनी दाँतको सतहमा बस्न सक्छ र सडनको कारण बन्न सक्छ।

दाँतको स्वास्थ्यमा ध्यान नदिनुः बच्चाको दाँतको सडनको सुरुवात प्रायः पत्ता नलागेपछि सधैं चाँडो बढ्न सक्छ।

**लक्षणहरू**

-दाँतमा पहेँलो वा खैरो दागहरू देखिनु।

-दाँतको पाटोमा सानो छिद्र बन्नु।

-दाँतमा पीडा र चिलाउने समस्या।

-मुखबाट गन्ध आउनु वा चिउँडोमा दुखाइको अनुभव गर्नु।

**रोकथाम**

बाल्यकालको दाँतको सड्ने रोगको रोकथामका लागि केही महत्वपूर्ण उपायहरू छन्ः

दाँत सफा गर्ने बानी बसाल्नुः बच्चालाई सानो उमेरदेखि नै दाँत ब्रस गर्ने बानी बसाल्नु महत्वपूर्ण छ। बिहान र राति ब्रस गर्नुका साथै दाँतलाई राम्रोसँग सफा गर्नु आवश्यक छ। बच्चा अझै पूर्ण रूपमा आफैँ दाँत सफा गर्न सक्षम हुँदैन, त्यसैले अभिभावकले उनलाई मद्दत र निगरानी गर्नुपर्छ। साथै, बच्चाले दाँत ब्रस गर्ने क्रममा पूर्ण रूपमा गर्न नजान्दा अभिभावकले थप गर्नु आवश्यक हुन्छ।

चिनीको मात्रा घटाउनुः बच्चाहरूलाई मिठाइ र चिनीयुक्त पेय पदार्थको अधिक सेवनबाट जोगाउनु महत्त्वपूर्ण छ। साथै, खाद्य पदार्थहरूमा चिनीको मात्रा कम गर्न प्रयत्न गर्नुपर्छ।

दूधको सेवनमा समयसीमा राख्नुः बच्चालाई राति दूध पिउन दिनुअघि ध्यान दिनुपर्छ र आवश्यकताभन्दा बढी समयसम्म दूध पिउन रोक्नु पर्छ।

दाँतको नियमित जाँचः बच्चाका दाँतहरूको नियमित रूपमा डेन्टिस्टसँग जाँच गराउनु पर्छ ताकि कुनै पनि सडनको समस्या प्रारम्भिक अवस्थामा पत्ता लगाउन सकियोस्।

**उपचार**

यदि बाल्यकालको दाँत सड्ने रोग देखा परेमा समयमै उपचार गर्नाले दाँतहरूको थप सडन रोक्न मद्दत पुर्याउँछ। उपचारमा निम्नलिखित समावेश गर्न सकिन्छः

फिलिङ्सः सडेका दाँतमा सिमेन्ट हाल्ने प्रक्रिया।

फ्लोराइड उपचारः दाँतको सडनलाई कम गर्न र ताजगी राख्न फ्लोराइडको उपचार।

दाँत निकाल्नुः गहिरो सडनको अवस्था भएमा दाँतलाई निकाल्नु पर्छ।

**निष्कर्ष**

बाल्यकालको दाँतको सड्ने रोग एक गम्भीर र सामान्य समस्या हो जुन बच्चाका दाँतको स्वास्थ्यमा प्रत्यक्ष असर पुर्याउँछ। यस समस्याबाट बच्न र उपचार गर्न अभिभावकको जिम्मेवारी महत्वपूर्ण हुन्छ। समयमै रोकथाम र उपचारले बच्चाको दाँतको स्वास्थ्यलाई सुरक्षित राख्न मद्दत पुऱ्याउँछ।

# बुद्ध जयन्तीको अवसरमा पेमा धेछेन्लिङ गुम्वामा प्रवचन हुने

विशाल गाहामगर/सागर परियार
पोखरा, २६ बैशाख



२५६९ औं बुद्ध जयन्तीको अवसरमा बैदाम तामाङ सेवा समाजले प्रवचन कार्यक्रम गर्ने भएको छ। बैशाख २७ गते शनिबार पेमा धेछेन्लिङ गुम्वा लेकसाइड खहरेमा कार्यक्रम हुने समाजका अध्यक्ष ज्याक तामाङले बताए।

पोखरामा आयोजित बुद्ध जयन्ती मुल समारोहकै साप्ताहिक कार्यक्रम अन्र्तगत प्रबचन हुन लागेको तामाङले जानकारी दिए। गौतम बुद्धको जन्म, बुद्धत्व र महापरिनिर्वाण प्राप्त त्रियोग परेको दिन बैशाख पुर्णिमा बुद्ध जयन्तीको अवसरमा खेम्पो आचार्य सम्तेन लामाज्युबाट गुम्बामा बुद्ध प्रवचन हुन लागेको हो। विहान ७ बजेबाट शुरु हुने प्रवचन कार्यक्रममा गण्डकी प्रदेशका युवा, सामाजिक तथा खेलकुद मन्त्री विन्दुकुमार थापा प्रमुख अतिथी रहने आयोजकले जनाएको छ। यस अघि साप्ताहिक कार्यक्रम अन्र्तगत साइकल र्‍याली, शुभकामना र्‍याली, प्राण दान, धर्मदेशना, गणचक्र पुजा, रक्तदान, भोजनदान, फलफुल वितरण कार्यक्रम सम्पन्न भइसकेको छ। पोखरामा वि.सं. २०१० को दशकको अन्त्यबाट बुद्ध जयन्ती मनाउनृ परम्पराको थालनी भएको हो। पोखरा क्षेत्रमा २०६० सालदेखि सामुहिक रुपमा बुद्ध जयन्ती मनाउन थालिएको हो। (विद्यार्थी पत्रकार)

# वन्यजन्तुपीडितले पाएनन् राहत रकम

पोखरापत्र संवाददाता
मुस्ताङ, २६ बैशाख

यहाँका वन्यजन्तुपीडितले क्षतिको राहत रकम प्राप्त गर्न सकेका छैनन्। वन्यजन्तुपीडितले अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना (एक्याप) कार्यालयमा राहत रकमका लागि निवेदन, सिफारिस पत्र बुझाएको दुई वर्ष बित्दा पनि राहत रकम प्राप्त गर्न सकेका छैनन।

पीडित किसानलाई सरकारले प्रक्रिया पुर्याएर सम्बन्धित निकायमार्फत राहत उपलब्ध गराउने गर्छ। तर यहाँका वन्यजन्तुपीडितले पशुधन क्षति भएको लामो समय बित्दा पनि राहत रकम पाउन नसकेको गुनासो गरेका छन्। आर्थिक वर्ष २०८०/८१ मा दुईवटा चौँरीको बाछा क्षति भएको रकम अझै पाउन नसकेको थासाङ-२ नाउरिकोटका किसान सकेन्द्र गौचनले जानकारी दिनुभयो। "क्षति भएको केही समयमा पाउन सके पो राम्रो हुन्थ्यो, एक्यापले आउँछआउँछ भनेको छ, खै कहिले हो आउने ?", उहाँले भन्नुभयो।

यसैगरी घरपझोङ-४ जोमसोमका पशुपालक पूर्णबहादुर नेपालीले पनि वन्यजन्तुबाट भएको पशुधनको क्षति दुई वर्ष बित्दासमेत पाउन नसकेको दुःखेसो गर्नुभयो। वन्यजन्तुको क्षति विवरण सबै टिपेर एक्याप कार्यालयमा निवेदन पेस गरेको भए पनि राहत बापतको रकम आउन ढिला भएको उहाँको भनाइ छ।

नाउरिकोटका गौचन र जोमसोमका नेपाली राहत रकम नपाउने केवल प्रतिनिधिपात्र मात्र हुन्। उनीहरू जस्ता धेरैजसो पशुपालक किसानले राहत रकम प्राप्त गरेका छैनन्।

जिल्लामा पछिल्लो दुई आर्थिक वर्षदेखि वन्यजन्तुबाट भएको क्षति राहत रकम वितरण हुन नसकेको एक्याप कार्यालयले जनाएको छ। कार्यालयबाट वन्यजन्तु क्षतिको सबै कागजात राहत सिफारिसका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागमा पेस गरेको भए पनि सरकारले उपलब्ध गराउने रकम कार्यालयलाई प्राप्त नभएको एक्याप मुस्ताङले जनाएको हो।

मुस्ताङमा आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा ७६ घरपरिवारका २८० वटा पशुचौपाय वन्यजन्तुको आक्रमणबाट क्षति भएका थिए।

एक्याप लोमान्थाङले सरकारबाट प्राप्त रु एक लाख ३८ हजार वन्यजन्तु क्षति रकम दुईवटा घटनाका पीडित किसानलाई हस्तान्तरण गरेको जनाएको छ। त्यहाँ च्याङ्ग्रा क्षति भएका एक घरपरिवारलाई रु ४८ हजार र अर्को एक घरलाई रु ९० हजार क्षति राहत रकम वितरण गरिएको कार्यालय प्रमुख पौडेलले बताउनुभयो।

त्यसैगरी गतवर्ष मुस्ताङमा हिमचितुवाको आक्रमणबाट ७७ वटा च्याङ्ग्रा क्षति भएका ढाक्मरणका किसानलाई एक्यापको आन्तरिक कोषबाट रु तीन लाख ८५ हजार क्षतिबापतको राहत रकम वितरण गरिएको कार्यालय प्रमुख पौडेलले जनाउनुभयो। उपल्लो क्षेत्रमा वन्यजन्तुबाट क्षति भएका किसानलाई रु २५ लाख एक हजार ९०० वितरण गर्न बाँकी रहेको कार्यालयले जनाएको छ।

# प्रसारण लाइन निर्माणमा प्राविधिक त्रुटि ?

पोखरापत्र संवाददाता
म्याग्दी, २६ बैशाख

राहुघाट बेसिनमा निर्माणको अन्तिम चरणमा पुगेका चारवटा जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन प्राविधिक हिसाबले त्रुटिपूर्ण प्रसारण लाइन बनाएका छन्।

जलविद्युत् आयोजनाले डाँडाखेत-राहुघाट १३२ केभी क्षमताको भन्दा मुनि २२० केभी क्षमताको प्रसारण लाइनको तार पर्ने र दुईवटा प्रसारण लाइनको तारको दूरी मापदण्डभन्दा कम हुने गरेर 'क्रसिङ' बनाएका हुन्।

रघुगङ्गा गाउँपालिका-३ पिप्लेमा उत्तरबाट दक्षिणतर्फ आउने आयोजनाको र पश्चिमबाट पूर्व दिशातर्फ जाने डाँडाखेत-राहुघाटको प्रसारण लाइन एकापसमा 'क्रसिङ' हुन्छ। प्राविधिक हिसाबले बढी क्षमताको प्रसारण लाइनको तार कम क्षमताको लाइनभन्दा माथि हुनुपर्छ। क्रसिङ हुने ठाउँमा १३२ केभीको लाइनको माथिल्लो तारदेखि २२० केभीको तलको तार बीचको दूरी चार दशमलव पाँच हुनुपर्ने मापदण्ड छ। म्याग्दी नदी र सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् लाई केन्द्रीय ग्रिडमा जोड्न नेपाल विद्युत् प्राधिकरणले मालिका गाउँपालिका-७ डाँडाखेतबाट रघुगङ्गा गाउँपालिका-३ अम्बाङ जोड्ने २५ किलोमिटर लामो १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेशन निर्माण अन्तिम चरणमा पुऱ्याएको छ। डाँडाखेत-राहुघाट प्रसारण लाइनको 'एपीटु' र 'एपीथ्री' नम्बरको टावरको बीचमा जलविद्युत् आयोजनाले बनाएको प्रसारण लाइन क्रसिङ हुन्छ। सन् २०२१ देखि निर्माण सुरू भएको डाँडाखेत-राहुघाट प्रसारण लाइन निर्माणमा ढिलाइ भएपछि एक सय ३० दशमलव आठ मेगावाट क्षमताका चारवटा आयोजनाले अम्बाङको सबस्टेशनका विकल्पमा २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइनमा जोड्न पिप्लेबाट तिल्केनीचौरसम्म वैकल्पिक प्रसारण लाइन बनाएका हुन्। राहुघाट बेसिनमा ३७.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८.५ मेगावाटको अपर राहुघाट, २१.३ मेगावाटको ठूलोखोला र २३.५ मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना परीक्षण उत्पादनको तयारीमा छन्। डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाका प्रमुख रोशन अग्रवालले जलविद्युत् आयोजनाहरूले समन्वय नगरी मापदण्डविपरीत जथभावी टावर बनाएर प्राविधिक हिसाबले त्रुटिपूर्ण प्रसारण लाइन बनाएका बताउनुभयो। "जलविद्युत् आयोजनाले हाम्रो लाइन मुनि बनाएको लाइन हटाउन नौ महिनादेखि पत्राचार गरे पनि अटेरी र बेवास्ता गरेका छन्", उहाँले भन्नुभयो, "१३२ केभीभन्दा माथि तार पर्ने गरेर अर्को टावर बनाएर लाइन तान्ने सहमति पनि कार्यान्वयन नगर्दा उनीहरूलाई समस्या पर्ने अवस्था आएको हो।" यस विषयमा प्रतिक्रिया लिन ठूलोखोलाका प्रतिनिधि गोपाल निउरे, अपर राहुघाट र चिमखोला-मङ्गले-राहुघाटको प्रवर्द्धक तुदी पावरका प्रतिनिधि इन्द्र ढकाललाई सम्पर्क गर्दा उहाँहरूले फोन उठाउनु भएन। तुदी पावरका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले सहमतिअनुसार १३२ केभीको भन्दा २२० केभीको तार माथि पर्ने गरेर अग्लो टावर बनाउने तयारी गरेको प्रतिक्रिया दिनुभयो।

# वन्यजन्तुलाई वनमै रोक्न पोखरी

पोखरापत्र संवाददाता
तनहुँ, २६ बैशाख

वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरणका लागि यहाँको सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ। डिभिजन वन कार्यालयले चार वर्षको अवधिमा ४२ वटा पोखरी निर्माण गरिएको जनाएको छ। कार्यालयका सूचना अधिकारी राजकुमार श्रेष्ठले वनजङ्गलमा पानी र आहारका अभावले वन्यजन्तु मानवबस्तीमा पस्ने र आक्रमण गर्ने भएकाले तिनलाई वनमै रोक्न पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो। उहाँले चालु आर्थिक वर्षमा मात्रै १० वटा पोखरी निर्माण गरिएको बताउनुभयो। "पानी र आहारको खोजीमा वन्यजन्तु मानवबस्तीमा आउने गर्छन्। यसले मानव–वन्यजन्तु द्वन्द्व बढाइरहेको छ। यसलाई न्यूनीकरण गर्न वनजङ्गलमै पोखरी निर्माण गरिएको हो", श्रेष्ठले भन्नुभयो। चालु आवमा म्याग्दे गाउँपालिका-३ स्थित सिद्धबतास सामुदायिक वन, देवघाट गाउँपालिका-४ स्थित आमडाँडा महोरिया सामुदायिक वन, ऋषिङ गाउँपालिका-३ स्थित जनशक्ति सामुदायिक वन, वडा नं ४ को वराहसेनी सामुदायिक वनमा पोखरी निर्माण गरिएका छन्।

यसैगरी शुक्लागण्डकी नगरपालिका-२ को तारा, बन्दीपुर गाउँपालिका-२ को सिद्धथान, भिमाद नगरपालिका-४ को मसुरेगैरा, व्यास नगरपालिका-११ को द्रुपता, यही नगरको वडा नं ७ स्थित क्यामिन हरियाली सामुदायिक वन र भानु नगरपालिका-८ को देउराली सामुदायिक वनमा गरी १० वटा पोखरी निर्माण गरिएका छन्। मानव र वन्यजन्तुबीच द्वन्द्व कम गर्न एउटा पोखरी निर्माणका लागि रु एक लाख अनुदानको व्यवस्था गरिएको छ। यहाँ आव २०७७/७८ मा १०, आव २०७८/७९ मा १४, आव २०७९/८० मा आठ वटा पोखरी निर्माण गरिएका थिए। पोखरी निर्माणपछि ती क्षेत्रका वनजङ्गलमा यसपालि आगलागी कम भएको कार्यालयले जनाएको छ। हरियालीमा वृद्धि हुँदा घाँस खाएर बाँच्ने प्रजातिका जनावरको आहार व्यवस्थापनमा सहज भएको छ। वन अधिकृत नवीन विश्वकर्माले पानीको मुहानको संरक्षण तथा पोखरी निर्माण गरिएपछि वन्यजन्तुलाई जङ्गलमै रहन सहयोग पुगेकाले द्वन्द्व व्यवस्थापनमा सहज भएको बताउनुभयो। पानीको खोजीमा वन्यजन्तु मानवबस्तीमा आउन थालेपछि द्वन्द्व बढेकाले न्यूनीकरणका लागि पोखरी निर्माण योजना अघि सारिएको र यो कार्य प्रभावकारी बन्दै गएको उहाँको भनाइ छ। वन अधिकृत विश्वकर्माले भन्नुभयो, "जङ्गलमा पानीको स्रोत संरक्षण तथा पोखरी निर्माण गर्दा वन्यजन्तुलाई पानीको अभाव हुँदैन। पानीका स्रोत तथा मुहान नसुक्ने, जैविक विविधता संरक्षण, जलवायु अनुकूलन तथा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा उल्लेख्य योगदान पुग्ने गरेको छ। यस कारण पोखरी निर्माणलाई अभियानका रूपमा सञ्चालन गरिएको हो।"

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : आर्थिक समस्या |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# निकुञ्जमा गैँडा हेर्ने समय

रासस
काठमाडौं, २६ बैशाख

गत शनिबार कार्यपालिका सदस्य र कर्मचारीको टोलीसहित निकुञ्ज घुम्न पुग्नुभएकी खैरहनी नगरपालिका उपप्रमुख कविता उप्रेतीले ३५ वटा हाराहारी एकसिङ्गे गैँडा देख्नुभयो। उहाँले एउटै घाँसे मैदानमा आठ वटा गैँडामात्र देख्नु भएन ढुक्कसँग बाघ हेर्ने अवसरसमेत पाउनुभयो।

चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रका सामुदायिक वनमा घुम्न आउनेहरू यतिबेला दुर्लभ वन्यजन्तु एकसिङ्गे गैँडा, बाघ, भालुजस्ता जनावर हेर्न पाउँदा फुरुङ्ग हुने गरेका छन्। खैरहनी नगरपालिकाका-१९ जना कार्यपालिका सदस्य र १२ जना कर्मचारीले एकैसाथ ठूलो सङ्ख्यामा गैँडा र बाघ हेर्ने अवसर पाएको उप्रेती बताउनुहुन्छ। उहाँले भन्नुभयो, "हामीले कसराबाट टाइगरटप्स जाँदै गर्दा एउटै घाँसे मैदानमा आठ वटा गैँडा देख्यौँ। फर्कंदा बाघ र भालु पनि देख्यौँ", घोरल, सिंहकोब्राजस्ता वन्यजन्तु देखेको उहाँ बताउनुहुन्छ। निकुञ्जभित्र पर्यटक बोक्ने जिप चलाउँदै आउनुभएका सोम तामाङ गत एक महिनायता दैनिक एउटा न एउटा जिपमा गएका पर्यटकले बाघ हेर्ने अवसर पाएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "टाइगरटप्स पुगेर फर्कंदा ३० भन्दाबढी गैँडा देख्न सकिन्छ।" सौराहाबाट मात्र निकुञ्जभित्र ३२ वटा जिप चल्दछन्।

यससँगै कसरा, मेघौली, माडी र नवलपरासी तर्फबाट होटलहरुका जिप निकुञ्ज छिर्ने गर्दछन्। दिउँसो १२ देखि १ बजेको समयमा गर्मीका कारण गैँडा आहाल खेल्न पोखरीमा पस्ने हुँदा कम देखिने भए पनि अन्य समयमा निकुञ्जका विभिन्न ठाउँमा सजिलै गैँडा देख्न सकिने उहाँ बताउनुहुन्छ। सामुदायिक वनमासमेत सहजै गैँडा देखिन थालेको छ। सौराहाका निजी हात्तीहरू व्यवस्थापन गर्दै आएको युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा यो दुर्लभ वन्यजन्तु हेर्ने उपयुक्त समय भएको बताउनुहुन्छ। मध्यवर्ती सामुदायिक वनमा हात्ती चढेर जाने पर्यटकले सहजै गैँडा देख्ने गरेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "अरूबेला बाघ हेर्न महिनौँ कुर्नुपर्ने भए पनि अहिले बढीमा एक हप्तामा पर्यटकले सहजै बाघ देख्ने गरेका छन्।" चितवन राष्ट्रिय निकुञ्जका पूर्वी सेक्टर सौराहा हेर्दै आउनुभएका सहायक संरक्षण अधिकृत शान्तबहादुर मगर गर्मीको समयमा गैँडा पानीका पोखरी र सिमसार क्षेत्रहरूमा आउने हुँदा सजिलै देख्न सकिने बताउनुहुन्छ। घाँसेमैदानव्यवस्थापन गरेका कारण बाघलगायत वन्यजन्तुसमेत सहजै देखिने गरेको उहाँको भनाइ छ। अन्य कतिपय समयमा दिनभर निकुञ्ज घुमेर एकसिङ्गे गैँडा हेर्न नपाएर पर्यटक फर्कनुपर्ने भए पनि अहिले सहजै वन्यजन्तु हेर्न पाएपछि निकुञ्ज र सामुदायिक वनमा जिप र हात्ती सफारी एवं डुङ्गा सयर गर्नेहरू वढेको व्यवसायीहरू बताउँछन्। यो निकुञ्ज नेपालमा पर्यटकका लागि सफारीको प्रमुख गन्तव्य हो। यहाँ दुर्लभ वन्यजन्तु बाघ, गैँडाजस्ता जनावर हेर्न तेस्रो मुलुक, सार्क र नेपाली पर्यटकहरू आउने गर्दछन्।

# पोखरा-छेन्दु सिधा उडान र पोखरेली सपना

**जमुना वर्षा शर्मा**
पोखरा, २६ बैशाख/रासस



पोखरा अन्तरराष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्षपछि पोखरादेखि छेन्दुसम्मको सिधा उडान सञ्चालनले पोखरेलीमा केही आशा जगाएको छ। यस उडानले चिनियाँ पर्यटकको सिधा गन्तव्यका रूपमा पोखरालाई स्थापित गर्ने आशामा व्यवसायी देखिन्छन् । सिधा सम्पर्कले नेपाल-चीनबीचको सांस्कृतिक आदानप्रदानसँगै होटल, होमस्टे, ट्राभल एजेन्सी, यातायात, रेस्टुरेन्ट, गाइड सेवालगायतका क्षेत्रहरूमा रोजगारीको अवसर सिर्जनासँगै चिनियाँ लगानीकर्ताहरूका लागि व्यापारिक सम्भावनालाई पनि उजागार गर्ने बुझाई व्यवसायीको छ।

पोखरा महानगरपालिकाले सन् २०२५ लाई 'पोखरा भ्रमण वर्ष' घोषणा गरेसँगै अहिलेको उडानले चिनियाँ पर्यटक पोखरामा भित्रिने र भ्रमण वर्ष सफल हुनेमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य पनि आशावादी हुनुहुन्छ । पोखरा-छेन्दु सिधा अन्तरराष्ट्रिय उडान चिनियाँ पर्यटकलाई सिधै पोखरा ल्याउने ढोका खोलिदिएको उहाँको भनाइ छ । "पोखरामा अन्तरराष्ट्रिय उडानसँगै चिनियाँ पर्यटकलाई प्रत्यक्ष रूपमा भित्र्याउन सकिने भएको छ, यसले भ्रमण वर्ष सफल पार्न चीनसँगको सहकार्य महत्वपूर्ण हुनेछ", प्रमुख आचार्यले भन्नुभयो। "गत चैत ५ गतेको पहिलो व्यावसायिक उडानमा पर्यटन व्यवसायीलगायतको टोलीले पर्यटन प्रवर्द्धन, लगानीमैत्री वातावरण निर्माण र सांस्कृतिक आदानप्रदानका लागि चिनियाँ निकायहरूसँग दीर्घकालीन सहकार्यका विषयमा छलफल गरेको थियो", आचार्यले भन्नुभयो। प्रमुख आचार्यले चीनको उच्च उत्पादन क्षमता, प्रविधिमा अग्रता, नवप्रवर्तनशील सोच र ठूलो उपभोक्ता बजारबाट धेरै सिक्न सकिने बताउनुभयो। "सिधा उडानले दूरी घटाएको छ, सम्बन्ध बढाएको छ, अब एकअर्काको रहनसहन र संस्कृतिलाई सम्मान गर्दै अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "चिनियाँ पर्यटकलाई लक्षित गर्दै हिमाल, ताल, प्याराग्लाइडिङ, ट्रेकिङ र सांस्कृतिक भ्रमणसहितको विशेष प्याकेज तयार पार्ने योजना छ ।" प्रमुख आचार्यले पोखरा र चीनका प्रमुख सहरहरूबीच 'ट्विन सिटी' सम्बन्ध विकास, संयुक्त प्रचारप्रसार, सांस्कृतिक आदानप्रदान कार्यक्रमहरू 'नेपाल-पोखरा पर्यटन सप्ताह' चाइना टुरिज्म फेस्टिभल'मार्फत सम्बन्ध अझ प्रगाढ बनाउने योजना रहेको सुनाउनुभयो । पोखरा-छेन्दु सिधा उडानले पोखराको पर्यटनमा नयाँ युगको सुरुआत गराएको र नेपाल-चीन सम्बन्धलाई पनि थप मजबुत बनाउने अपेक्षा उहाँको छ । पोखरालाई अन्तरराष्ट्रिय पर्यटन केन्द्रका रूपमा विकास गर्न महानगरले पूर्वाधार सुधार, पर्यटकमैत्री वातावरण निर्माण र स्थानीय व्यवसायीहरूको सक्रिय सहकार्य सुनिश्चित गर्ने निरन्तर पहल गरिरहेको उहाँले बताउनुभयो।

पर्यटक भित्र्याउनका लागि कनेक्टिभिटी पहिलो सर्त रहेको जनाउँदै पोखरा-छेन्दु सिधा उडानले चीनबाट पोखरा पुग्न सहज बनाउँदै गण्डकी प्रदेशको पर्यटनमा नयाँ ऊर्जा थपेको बताउनुहुन्छ, पोखरा भ्रमण वर्ष २०२५ का संयोजक तथा पर्यटन व्यवसायी गोपीबहादुर भट्टराई । 'चीनमा भिजिट नेपाल वर्ष २०२५' को अवसरलाई सदुपयोगसँगै यो सिधा उडानबाट पोखरा भ्रमण वर्ष सफल पार्न हाम्रो प्रयास जारी रहेको छ ।" "हामी पूर्वाधार, सेवा, सुरक्षा र प्रवर्द्धनका लागि एकीकृत पहमा जोड दिइरहेका छौं, पोखरालाई अन्तरराष्ट्रियस्तरको आकर्षक गन्तव्य बनाउने हाम्रो लक्ष्य हो ।" भट्टराईले सिधा उडानले सामाजिक, सांस्कृतिक, आर्थिक र पर्यटन सम्बन्धलाई समेत थप मजबुत बनाउने बताउनुभयो । सामाजिक रूपमा चीनमा नागरिकहरूको अधिकार र कर्तव्यको उत्कृष्ट सन्तुलन देखिन्छ । उनीहरूले सार्वजनिक सम्पत्तिको संरक्षण, राष्ट्रप्रतिको समर्पण र अनुशासनमा प्राथमिकता दिएका छन्, जुन हामीले सिक्न जरुरी रहेको उहाँको भनाइ छ । भट्टराईले भन्नुभयो, "आर्थिक हिसाबले चीनको औद्योगिक विकास, प्रविधिमैत्री सोच, निर्यातमुखी उत्पादन, साना उद्यमहरूको प्रवर्द्धन र योजनाबद्ध विकास रणनीति अत्यन्त प्रभावकारी छन् । नेपालले पनि आत्मनिर्भरता, उत्पादनशीलता र प्रविधिको प्रयोगमा चीनबाट धेरै सिक्न सक्छ ।" राजनीतिक रूपमा, चीनमा दीर्घकालीन योजनाको निरन्तरता, स्थिर नेतृत्व, नीति कार्यान्वयनमा दृढता र राष्ट्रहितमा एकमत हुने प्रवृत्ति छ । हामीले अर्को सिक्नैपर्ने पक्ष यो पनि हो । राजनीतिक अस्थिरताले हाम्रो मुलुकलाई गम्भीर असर पारिराखेको छ । त्यसैगरी सांस्कृतिक दृष्टिले पनि चीनले आफ्नो भाषा, खानपान, परम्परा र जीवनशैलीलाई अन्तरराष्ट्रिय बजारसम्म पुर्‍याएको छ । हामीले पनि हाम्रो मौलिक संस्कृतिहरूलाई प्रवर्द्धन गर्न सक्छौं । उहाँले नियमित उडान भएपछि पोखराको पर्यटनमा नयाँ आयाम थपिने विश्वास व्यक्त गर्नुभयो। यसले पोखराको प्राकृतिक सौन्दर्य, साहसिक गतिविधिहरू र सांस्कृतिक धरोहरलाई चिनियाँ पर्यटकसम्म प्रभावकारी तरिकाले पुर्‍याउन मद्दत गर्नेछ । साथै, पोखरामा पर्यटकहरूको आगमन बढ्ने र पर्यटन उद्योगलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गर्दै उहाँ यस सहकार्यलाई पोखराको पर्यटन क्षेत्रको दीर्घकालीन समृद्धिको आधार मान्नुभएको छ। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले यस वर्ष नेपाल-चीन मैत्री सम्बन्ध स्थापनाको ७० औँ वर्ष मनाइँदै र सन् २०२५ लाई नेपाल र चीन दुवै देशका सरकारले चीनमा नेपाल भ्रमण वर्ष २०२५ घोषणा गरेको अवसरमा भएको उडान पोखराको पर्यटनका लागि अवसर र अपरिहार्यता भएको बताउनुभयो।

"प्राकृतिक सौन्दर्य, हिमाली दृश्य र साहसिक पर्यटन गतिविधिले भरिपूर्ण पोखरा चिनियाँ पर्यटकहरूको प्रमुख रोजाइमा पर्ने गन्तव्य हो, अहिले विशेष अवसरमा छौँ, दुवै देशबीच पर्यटन प्रवर्द्धनका गतिविधिहरू विस्तार गर्ने समय हो, जसबाट चीनबाट ठूलो सङ्ख्यामा पर्यटक भित्र्याउने आशा गर्न सकिन्छ।"

गण्डकी प्रदेश तथा पोखराको चीनका विभिन्न सहरहरूसँगको मैत्रीपूर्ण सम्बन्धलाई मध्यनजर गर्दै सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्रको सक्रिय र सन्तुलित सहभागिता आवश्यक रहेको उहाँको भनाइ छ। "चिनियाँ सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय प्रभावकारी ढङ्गले अगाडि बढाइयो भने यो सिधा उडान नियमित हुने सम्भावना बलियो छ", लामिछानेले भन्नुभयो । बोर्डको तथ्याङ्कअनुसार सन् २०२५ को जनवरीदेखि अप्रिल महिनासम्म ३६ हजार ९५४ चिनियाँ पर्यटक नेपाल आएका छन्, जुन अघिल्लो वर्षको सोही अवधिको (३८ हजार २९०) तुलनामा करिब ३ दशमलव ४९ प्रतिशतले कम हो। यस्तो अवस्थामा पोखरा-छेन्दु सिधा उडानको आवश्यकता अझै स्पष्ट हुने उहाँको बुझाइ छ। "यस उडानले चीनबाट पोखरामा पर्यटक आगमन बढाउने मात्र होइन, दुई देशबीचको आपसी सम्बन्धमा नयाँ ऊर्जा थप्नुका साथै, नेपाली पर्यटकहरूका लागि पनि चीन भ्रमण सहज हुने भएकाले, चीनमासमेत उनीहरूलाई स्वागतयोग्य वातावरण तयार पार्नु त्यत्तिकै महत्वपूर्ण देखिन्छ ।" लामिछानेले पर्यटन विकासमा नवीनतम् सोचको विकास सहित प्रविधिमैत्री वातावरणमा पनि जोड दिन आवश्यक रहेको बताउनुभयो । पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष एवं ओपन हर्ट ट्राभल नेपाल प्रालिका सञ्चालक पोमनारायण श्रेष्ठले यो सिधा उडानलाई पर्यटन विस्तारको महत्वपूर्ण पाटोका रूपमा लिएको बताउनुभयो। "यो उडानले पोखरा र चीनबीचको दूरी मात्रै घटाउने होइन, सांस्कृतिक, आर्थिक र पर्यटन सम्बन्धलाई पनि थप मजबुत बनाउनेछ।" नियमित अन्तरराष्ट्रिय उडानहरू पोखराको पर्यटन क्षेत्रको दीर्घकालीन समृद्धिका लागि आधारशिला बन्न सक्ने र त्यसको लागि केही कुरामा सुधार औंल्याउनुभयो। पोखराबाट अन्तर ाष्ट्रिय उडान सफल बनाउनका लागि विभिन्न रणनीतिमा समन्वय आवश्यकमा जोड दिँदै उडानको माग सुनिश्चिता गर्न गन्तव्यको व्यापक प्रवर्द्धन गर्नुपर्ने उहाँको भनाइ छ । "चिनियाँ पर्यटकलाई लक्षित गरी विशेष प्याकेज तयार पारेर पोखराको प्राकृतिक, सांस्कृतिक र साहसिक गन्तव्यको प्रचार गर्न सकिन्छ," श्रेष्ठले भन्नुभयो । "नेपाल र चीनबीच स्पष्ट र सहज हवाई समझदारी गरिनु अत्यन्त जरुरी छ, जसले उडान तालिका सुनिश्चित गर्न र नियामक सहजीकरणमा सहयोग पुर्‍याउँछ।"

नेपाल सरकारले चीनसँगको पर्यटन सहकार्य, भिसा सहजीकरण, तथा नेपालमा चिनियाँ लगानी र व्यापार विस्तारजस्ता रणनीतिमा ध्यान दिएर यो उडानलाई स्थायित्व दिन आवश्यक रहेको उहाँले बताउनुभयो । "सबैभन्दा पहिले, पोखरामा चिनियाँ भाषी गाइड, मेनु र सूचना बोर्डको अभाव छ, जसका कारण पर्यटकहरू अप्ठ्यारो महसुस गर्छन्। यसमा पनि ध्यान दिनुपर्छ।" उहाँले पोखराको छेन्दुसम्म जुन तरिकाले व्यावसायिक चार्टर उडान भएको छ चिनियाँ पक्षबाट पनि त्यसरीनै तदारुकता देखाउने हो भने यो नियमित उडानले स्थायित्व पाउने र पोखरेलीले देखेको सपना पूरा हुने बताउनुभयो।

पोखरा विमानस्थलबाट चैत ५ गते सिचुवान एयरलाइन्सको गरेको उडानमा प्रमुख आचार्यसहित, पर्यटन बोर्डका प्रतिनिधि, पर्यटन व्यवसायी र पोखराका सङ्घसंस्थाका पदाधिकारीहरू पत्रकारहरूको सहभागिता थियो । भ्रमणको समन्वय गण्डकी प्रदेश सरकार, नेपालस्थित चिनियाँ दूतावास र सिचुवान एयरलाइन्सले गरेको थियो। त्यसयता सिचुवान एयरलाइन्सले थप तीन उडान गरेको छ । अहिलेसम्म व्यावसायिक चार्टर उडानबाट करिब ४०० चिनियाँ पर्यटक नेपाल भित्रिएका छन् । चिनियाँ एजेन्सिले जनाए अनुसार करिब एक हजार २५० चिनियाँ पर्यटक नेपाल आउन तयार छन् । योसँगै हिमालय एयरलाइन्सले पनि पोखराबाट चिनको ल्हासासम्मको उडान गरेको छ। नेपाल-चीनबीच व्यापार, पूर्वाधार, संस्कृति, शिक्षा र पर्यटनमा सहकार्य बढ्दो छ। चीनले पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा ऋण सहायता प्रदान गरेको थियो र यसलाई बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) अन्तर्गतको 'फ्ल्यागशिप प्रोजेक्ट' मानेको छ। यद्यपि नेपालले यसलाई औपचारिक रूपमा बिआरआईअन्तर्गत नराखे पनि चिनियाँ भूमिका महत्वपूर्ण रहँदै आएको छ।

# महेन्द्र मावि घार्मीको ३५ औं वार्षिकोत्सव

**दुर्गा नेपाली/पिमला नेपाली**
पोखरा, २६ बैशाख



पोखरा १९ घार्मीमा रहेको महेन्द्र माध्यमिक विद्यालयको ३५ औं वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले विद्यालय शिक्षाको मेरूदण्ड नै गुणस्तरीय शिक्षा भएको बताउँदै, शैक्षिक विकासमा सबै पक्षको सहभागिता आवश्यक रहेको बताउनुभयो । उहाँले गुणस्तरीय शिक्षाका लागि तीनै तहका सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा वडा सदस्य दुर्गादेवी बस्नेत, विकास कुमार आचार्य, कल्पना सुनार, रोटरी क्लब अफ पोखरा न्युरोडका अध्यक्ष दिपेन्द्र शर्मा, विद्यालय व्यवस्थापन समितिका पुर्व सदस्य डिल्लीराम पौडेल, चन्दादाता सन्तोष भण्डारी, भारती भवन माविका प्रधानाध्यापक नेत्र बहादुर आले, एमालेका वडा कमिटीका अध्यक्ष कमल प्रसाद बास्तोला, रेडक्रस सोसाइटी उपशाखा १९ का अध्यक्ष रमेश विश्वकर्मा लगायतले न्युन विद्यार्थी भएका विद्यालयलाई मर्ज गरेर भए पनि शैक्षिक गुणस्तर सुधारका लागी प्रयास गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा दीर्घ सेवा सम्मानबाट विद्यालयका प्रअ बासुदेव पौडेल, सहायक प्रअ नन्दराज दाहाल, शिक्षक शर्मिला उचै र कर्मचारी राजेन्द्र पौडेल सम्मानित भए। त्यस्तै वर्ष उत्कृष्ट शिक्षकबाट सुरज अधिकार र एस इ इमा उत्कृष्ट जिपिए ल्याउने असिम सुनारलाई सम्मान गरिएको छ। उनीहरूलाई वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैकुण्ठ पौडेलले सम्मान पत्र र दोशल्ला प्रदान गरे । कार्यक्रममा विद्यालयका प्रअ बासुदेव पौडेलले वार्षिक प्रतिवेदन पेश गरे। सोही अवसरमा शिक्षासेवी डिल्लीराम पौडेलले आफ्ना मातापिताको स्मृतिमा अक्षयकोष स्थापना गरे भने अर्जुन अधिकारी र पंडित ऋषिराम पौडेलले अक्षयकोषमा रकम थप गरे । सोही अवसरमा रेडक्रस सोसाइटी उपशाखा पोखरा १९ ले विद्यालयलाई सरसफाई सामाग्री हस्तान्तरण गर्यो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैकुण्ठ पौडेलको अध्यक्षता भएको कार्यक्रममा स्वागत शिक्षक शरदराज सापकोटा, विद्यार्थी कृपा पौडेल र संचालन सहायक प्रअ नन्दराज दाहालले गरेका थिए। कार्यक्रममा विद्यार्थीले विभिन्न मौलिक नृत्य तथा गीत प्रस्तुत गरेका थिए। विसं २०४७ सालमा एमाजी कल्चरल फाउण्डेशन जापानको सहयोगमा विद्यालय स्थापना भएको हो।

# मुख्यसचिव अर्याल सहित सुरक्षाका उच्च अधिकारी स्याङ्जा आउदै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ बैशाख

नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्याल सहितको सुरक्षाका उच्च अधिकारीहरु शनिवार स्याङ्जा आउदैछन्।

मुख्य सचिव बहाली भएपछि आफ्नो गृहजिल्लामा दोस्रो पटक सुरक्षाका उच्च अधिकारी सहित अर्याल स्याङ्जा आउन लागेका हुन्। मुख्य सचिव अर्यालसगँ नेपाल प्रहरीका महानिरीक्षक दीपक थापा, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धानका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा स्याङ्जा आउने सहायक प्रजिअ दीपक पौडेलले जानकारी दिए । स्याङ्जा सदरमुकाम पुतलीबजारमा नवनिर्मित राष्ट्रिय अनुसन्धान कार्यालय भवनको समुदघाटन मुख्य सचिवले गर्ने तालिका अनुसार शनिवार स्याङ्जा आउन लागेको सहाहयक प्रजिअ पौडेलले बताए । सहायक प्रजिअ पौडेलका अनुसार स्याङ्जाको एतिहासिक धार्मिक स्थल पुतलीबजारको सतौचण्डी र वालिङको गह्रौसुर मन्दिर दर्शन गर्ने कार्यक्रम समेत रहेको छ। शनिवार स्याङ्जा आउने कार्यक्रम अनुसार मुख्य सचिव सहित सुरक्षाका उच्च अधिकारीहरु शुक्रवार नै पोखरा आइपुगेको बताइएको छ। मुख्य सचिव अर्यालले आफ्नो गृह जिल्लामा विभिन्न संघसंस्थाका प्रतिनिधि, राजनीतिकदल, जनप्रतिनिधिहरु लगायतको सहभागितामा स्याङ्जाको विकासका बारेमा समेत छलफल र अन्तरक्रिया गर्ने बताइएको छ । अन्तरक्रिया स्याङ्जाको वालिङमा रहेको गह्रौसुर मन्दिरमा हुने जानकारीमा आएको छ। मुख्य सचिवसगै नेपाल प्रहरीका गण्डकी प्रदेशका प्रमुख, सशस्त्र प्रहरीका प्रमुख, राष्ट्रिय अनुसन्धानका प्रमुख र काठमाण्डौ, कास्कीका प्रमुख जिल्ला अधिकारीहरु समेत सहभागिता रहने तालिका उल्लेख छ । स्याङ्जामा पहिलो पटक नेपाल सरकारको कर्मचारी प्रशासनमा मुख्य सचिव सहित उच्च अधिकारीहरुको सहभागिता हुदैछ।


## मालपोत कार्यालय लेखनाथ कास्कीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं २८ निवासी लेखनाथ बास्तोला र विष्णुमाया बास्तोलाको द.नं. ६६२४ मिति २०८१/१२/२८ को तामेली जगाई छुट जग्गा दर्ता नामसारी माग निवेदनमा निवेदकका बुवा तथा ससुरा राधाकृष्ण बास्तोलाको विगतमा निवेदन पेश गरी दर्ताको प्रकृयामा तामेलीमा रहेका तपसिल बमोजिमका जग्गा बुवा/ससुराको भएको र हकवाला आफु बाहेक अन्य कोही नभएको भनि छुट दर्ता नामसारीका लागि माग भएको माझठाना मौजाका राधाकृष्ण जिम्माका सानु सोभाखर, नन्दलाल पाध्या, श्रीलाल, पूर्णदिप, सुभाखर, कुलदिप समेतको ९० र ९१ सालको मोठ बमोजिम लगत कायम रहेका खेत तथा पाखो जग्गाको तिरो सानु राधाकृष्ण बास्तोलाबाट तिरी भोगचलन गर्दै आएको र सर्वे नापी समयमा जग्गावाला राधाकृष्ण बास्तोला तथा सानो राधाकृष्ण बास्तोला (पं माझठाना २, बाबु श्रीकृष्ण, बाजे भागीरथ) उल्लेख भई फिल्डबुकमा कायम भएको जग्गाहरुमा हाल हामी बाहेक कोही हकवाला छैनन् भनि तपसिल बमोजिमको जग्गा छुट जग्गा दर्ता नामसारी माग भएकाले फिल्डबुकमा उल्लेख सानो राधाकृष्ण बास्तोला र राधा कृष्ण बास्तोला र तिरोका स्यानु राधाकृष्ण बास्तोला र स्यानु राधाकीष्ण बास्तोला फरक फरक व्यक्ति भएमा वा उक्त जग्गामा यस अघि अन्य कसैले कारवाही चलाएको भएमा वा निवेदकको माग बमोजिम दर्ता गर्न नहुने कुनै कारण भएमा वा तपसिल बमोजिमका जग्गामा अन्य कसैको हक लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित उजुरी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम छुट जग्गा दर्ता नामसारी भैजाने व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| गाविस | वडा | कि.नं. | क्षे.फ. | विरह | किसिम | फिल्डबुकका जग्गाधनी |
|---|---|---|---|---|---|---|
| माझठाना | २ | ५२० | ०-४-०-१ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ५५६ | ०-१०-०-१ | मर्के | अब्बल | राधाकृष्ण बास्तोला |
| माझठाना | २ | ५५९ | ०-०-२-२ | मर्के | दोयम | राधाकृष्ण बास्तोला |
| माझठाना | २ | ९९१ | ०-३-०-२ | धान | सिम | स्यानो राधाकृष्ण बास्तोला |
| माझठाना | २ | ५५१ | ०-६-०-० | मर्के | अब्बल | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ५६६ | ०-३-०-२ | मर्के | अब्बल | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ५६७ | ०-२-०-३ | मर्के | अब्बल | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६२२ | २-१३-०-० | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६३५ | ०-६-१-१ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६३७ | ०-३-२-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४० | ०-१-१-१ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | १२०२ | ०-४-२-१ | धान | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | १७०३ | ०-५-०-३ | धान | सिम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | १७०८ | ०-७-०-१ | धान | सिम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४१ | ०-२-२-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४४ | ०-१-१-० | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६४६ | ०-७-१-२ | मर्के | दोयम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ६९२ | ०-३-३-० | मर्के | अब्बल | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ११५२ | ०-१५-३-० | धान | सिम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ११८९ | ०-२-२-० | धान | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ११९६ | ०-१-३-० | धान | दोयम | सानो राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ७४५ | ०-३-०-२ | धान | सिम | राधा कृष्ण बास्तोला |
| माझठाना | २ | ९१२ | ४-७-१-२ | मर्के | दोयम | सानो राधा कृष्ण बास्तोला |

इति सम्बत् २०८२ साल वैशाख महिनाको २३ गते रोज ३ शुभम्


# सगरमाथा शिखर पुगे सात शेर्पा, डोरी टाँग्ने काम सम्पन्न

**रासस**
काठमाडौं, २६ बैशाख

यस वर्षको आरोहण याम सुरु भएसँगै शुक्रबार सात जना शेर्पा सगरमाथा शिखरमा पुगेका छन्। उनीहरू यस वर्षको आरोहणका लागि डोरी टाँग्दै (रोप फिक्सिङ) साँझ ५:०० बजे शिखरमा पुगेको पर्यटन विभागका निर्देशक लीलाधर अवस्थीले जानकारी दिनुभयो।

विभागका अनुसार 'एटके एक्सपीडिसन' अन्तर्गत खटिएका शेर्पाहरूले डोरी टाँग्ने काम सम्पन्न गरेका हुन्।

अशोक लामाले नेतृत्व गर्नुभएको सो टिममा छिरिङ पेम्बा शेर्पा, पेम नुर्बु शेर्पा, टासी शेर्पा, कर्मा ग्याल्जेन शेर्पा, टासी ग्याल्जेन शेर्पा र पासतेन्जी शेर्पा रहेका छन् । "सगरमाथाको चुचुरमा डोरी टाँग्ने काम सम्पन्न भएसँगै यस वर्षको सगरमाथा आरोहण औपचारिक रूपमा सुरु भएको छ। अब अरु आरोही पनि मौसम अनुकूलता हेरेर शिखरतर्फ लाग्ने छन्", निर्देशक अवस्थीले भन्नुभयो।